आ.व.२०८१/८२ को चैत्र मसान्तको
सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिमको
विवरण देहाय अनुसार रहेको छ ।

१. निकायको स्वरुप र प्रकृति : निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ अन्तर्गत निक्षेप तथा कर्जा सुरक्षण गर्न स्थापना भएको गैर बैंकिङ वित्तीय संस्था हो ।

२. निकायको काम, कर्तव्य र अधिकार : यस कोषको काम, कर्तव्य र अधिकार निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ ले निर्धारण गरे अनुसार हुनेछ ।

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण : यस कोषमा स्थायी ६० र करारमा १३ गरी जम्मा ७३ जना कर्मचारी कार्यरत रहेका छन् । कर्मचारीहरुको कार्य विवरण कोषको वेवसाइट www.dcgf.gov.np मा राखिएको छ ।

४. निकायबाट प्रदान गरिने सेवा : निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ ले निर्धारण गरे अनुसार (१) बैंक तथा वित्तीय संस्थामा रहेको प्रति प्राकृतिक व्यक्तिको रु. ५ लाख सम्मको निक्षेप सुरक्षण गर्ने (२) कोषसँग सम्झौता गरी बैंक तथा वित्तीय संस्थाले साना तथा मझौला उद्यम क्षेत्र, कृषि क्षेत्र र लघु वित्त तथा विपन्न वर्ग लगायतका तोकिएको क्षेत्रमा लगानी गरेका कर्जा, शैक्षिक कर्जा तथा शैक्षिक बेरोजगार व्यवसाय कर्जा एवं निर्यात कर्जाको सुरक्षण गर्ने (३) कोषसँग सम्झौता गरी पशुधन क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले लगानी गरी खरिद गरेका पशुधनको सुरक्षण गर्ने ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी : यस कोषमा ८ वटा विभाग र ८ वटा शाखा कार्यालयहरु रहेका छन् । कोषका व्यवस्थापकीय तथा कार्यकारी पदमा कार्यरत जिम्मेवार अधिकारीहरुको विवरण कोषको वेवसाइटमा प्राप्त गर्न सकिन्छ ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि : यस सम्बन्धी जानकारी कोषको वेवसाइटमा राखिएको छ । कानुनमा स्पष्ट व्यवस्था भए बाहेक सेवा प्राप्त गर्न थप दस्तुरको व्यवस्था गरिएको छैन ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी : यस कोषको काम कारबाहीका सम्बन्धमा निर्णय गर्ने अधिकार कोषका प्रमुख कार्यकारी अधिकृतमा निहित रहेको छ। कोषसंग सम्बन्धित ऐन, नियमावली, विनियमावली, कार्यविधि, निर्देशिका, सञ्चालक समितिको निर्णय तथा प्रमुख कार्यकारी अधिकृतको निर्णयबाट तोकिएका कार्य गर्न अन्य कर्मचारीहरुले समेत तोकिएका विषयमा निर्णय गर्न सक्ने व्यवस्था रहेको छ। कोषको नीतिगत निर्णय लिने र व्यवस्थापनलाई निर्देशन गर्ने काम सञ्चालक समितिले गर्ने गर्दछ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रमुख कार्यकारी अधिकृतबाहेकको कर्मचारीलाई अधिकार प्रत्यायोजन भएको विषयको काम कारवाही सम्बन्धी निर्णयको उजुरी सुन्ने अधिकार प्रमुख कार्यकारी अधिकृतमा निहित रहने छ । प्रमुख कार्यकारी अधिकृतबाट भएको काम कारवाही सम्बन्धी निर्णयको उजुरी सुन्ने अधिकार संचालक समितिमा निहित रहने छ ।

९. सम्पादन गरेको कामको विवरण : निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम कोषले मुख्य रुपमा निक्षेप सुरक्षण र कर्जा सुरक्षणको कार्य गर्दै आइरहेको छ। कोषको सञ्चालक समिति तथा नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्राप्त निर्देशन तथा प्रचलित नियमानुसार गर्नुपर्ने कार्यहरु समेत कोषले गर्दै आएको छ । यस सम्बन्धी जानकारी कोषको वेभसाइट, कोषका विभिन्न प्रकाशन तथा विभिन्न सञ्चार माध्यमबाट समेत प्रदान गर्ने गरिएको छ ।

१०. कोषका प्रमुख कार्यकारी अधिकृतको नाम थर र ठेगाना : रमेश घिमिरे
काठमाडौं,

फोन नं. ९८५१०२९१६५

११. सूचना अधिकारीको नाम, थर र पद : श्री अच्युत पन्त
नायब प्रबन्धक (फोन नं. ९८५११४१९४७)

१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची : कोषलाई संचालन गर्न एउटा ऐन, ३ वटा नियमहरू, ५ वटा विनियमहरू र ६ वटा निर्देशिका तथा कार्यविधि जारी भएका छन् । त्यसको विवरण कोषको वेवसाइटमा हेर्न सकिने व्यवस्था गरिएको छ ।

१३. आम्दानी, खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धी अद्यावधिक विवरण : यस कोषको आम्दानी र खर्च सम्बन्धी विवरण संचालक समितिले अनुमोदन गरी महालेखापरीक्षकबाट स्वीकृत भए पछि वेवसाइटमा राख्ने व्यवस्था मिलाइएको छ ।

१४. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :कोषको नियमित कार्यक्रम बाहेकका थप कार्यक्रम वा आयोजना सञ्चालन नभएको ।

१५. वेवसाइटको विवरण : www.dcgf.gov.np

१६ सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण : यस कोषले हालसम्म कुनै वैदेशिक सहायता, ऋण, अनुदान लिएको छैन ।

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन: कोषले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन, वार्षिक प्रतिवेदनको रुपमा कोषको वेवसाइटमा प्रकाशित गर्ने गरिएको छ ।

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः कानुन बमोजिम हुने बाहेक अन्य विषयमा नतोकिएको

१९. सार्वजनिक निकायमा परेका सूचनाहरु माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण : यस अवधिमा सूचना माग गरेर १ वटा निवेदन परेकोमा सो निवेदनको समयमा सूचना प्रदान गरेको ।

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण : कोषसंग सम्बन्धित सूचनाहरु कोषको सूचना पाटीमा टाँसी कोषको वेवसाइट www.dcgf.gov.np मा राख्ने व्यवस्था गरिनुका साथै आवश्यकता बमोजिम विभिन्न सञ्चार माध्यमहरु तथा अर्धवार्षिक रुपमा प्रकाशन हुने कोषको बुलेटिन मार्फत सार्वजनिक गर्ने गरिएको छ ।

निक्षेप तथा कर्जा सुरक्षण कोष टंगाल,
काठमाडौं ।